विधान संशोधन

# नेपाल कृषि प्रसार समितिको विधान २०७५ को संशोधित तीन महले विधान

## पहिलो संशोधन, २०८०

| सि.नं. | संशोधन गर्नु पर्ने दफा | साविक व्यवस्था | हालको व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| १ | १.क। | यस संस्थाको कार्यालय काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. २९ मा रहनेछ। आवश्यकता अनुसार सम्वन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल राष्ट्र भित्र शाखा कार्यालय खोल्न सकिनेछ । | ~~संस्थाको कार्यालय रहने ठगाना: यस संस्थाको कार्यालय काठमाडौं जिल्लामा रहनेछ। सम्वन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई आवश्यकतानुसार सहज हुने काठमाडौं उपत्यकाको अर्को जिल्लामा कार्यालय स्थानान्तरण गर्न सकिनेछ।~~ | स्थानको उपलव्धता र कार्य समितिका पदाधिकारीहरु लगाएत अन्य सदस्यहरु एवं आगन्तुकहरुलाई सहज र पाएक पर्ने गराउन आवश्यक देखिएकोले। |
| २ | १.ख | संस्थाको कार्य क्षेत्र :<br>नेपाल कृषि प्रसार समिति नामक संस्थाको कार्यक्षेत्र काठमाण्डौं जिल्ला भर रहनेछ। आवश्यकता अनुसार सम्वन्धित<br>जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल राष्ट्र भित्र कार्य क्षेत्र विस्तार गरिनेछ । | ~~संस्थाको कार्य क्षेत्र :<br>यस संस्थाको कार्यक्षेत्र आवश्यकता अनुसार नेपाल सम्भर रहने छ।~~ | यस संस्थाको कार्यक्षेत्र देशभर रहेको र बनाउन आवश्यक भएको । |
| ३ | ६. ग | आजीवन सदस्य:- संस्थाको विकासको लागि विशेष सहयोग योगदान पुर्‍याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत आजिवन सदस्यता प्रदान गरिनेछ । | आजीवन सदस्य:- संस्थाको विकासको लागि विशेष सहयोग योगदान पुर्‍याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत आजिवन सदस्यता प्रदान गरिनेछ ।<br>तर लगातार ३ पटकसम्म साधारण सभाहरुमा विना जानकारी अनुपस्थित हुने; एवम् शारिरीक अशक्तता वा स्थायी तवरले विदेशमा बसोबास भएका आजीवन सदश्य/हरु ले आफ्नो असमर्थताको जानकारी दिएमा त्यस्ता आजीवन सदश्य/हरु लाई निष्कृय सदश्यताको सूचीमा राखिनेछ। निष्कृय सदश्यताको सूचीमा रहेका | आजीवन सदस्यहरुको समितिको क्रियाकलापमा सकृयता कायम राख्न आवश्यक देखिएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | | आजीवन सदस्य/हरु ले जानकारी दिई पुनः सक्रिय हुन चाहेमा त्यस्ता सदस्य/हरु लाई निष्क्रिय सदस्यताको सूचीबाट हटाइनेछ। | |
| ४ | ८. ग) | उपमन्यु गोत्रको ढकाल बन्धु नभएको | हटाउने/ यो प्रावधान हटाई क) देखि झ) सम्मको सट्टा क) देखि ज) सम्म बुँदा मिलान गर्ने। | विधानमा भूलवश असान्दर्भिक प्रावधान परेको हुनाले हटाउन आवश्यक भएको। |
| ५ | १०. | यस विधानको दफा ७ बमोजिम देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी उपमन्यु गोत्रका ढकाल बन्धुहरूले सदस्यता प्राप्त गर्न सक्नेछन् । | यस विधानको दफा ७ बमोजिम देहाय बमोजिम शुल्क तिरी सदस्यता प्राप्त गर्न सकिने छ । | भूलवश घुसेको असान्दर्भिक वाक्यांश हटाउन आवश्यक भएकोले। |
| ६.१ | १३.१ | साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने ११ सदस्यीय एक कार्य समिति गठन गरिने छ ।कार्य समितिको निर्णयले आवश्यकता अनुसार सह-सचिव र सह-कोषाध्यक्ष पदमा कार्य समितिका सदस्यहरुबाट नियुक्त गर्न सक्नेछ । उक्त नियुक्तिलाई साधारण सभाले अनुमोदन गर्नु पर्नेछ। | ~~साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने ११ सदस्यीय एक कार्य समिति गठन गरिने छ ।कार्य समितिको निर्णयले आवश्यकता अनुसार सह-कोषाध्यक्ष पदमा कार्य समितिका सदस्यहरुबाट नियुक्त गर्न सक्नेछ । उक्त नियुक्तिलाई साधारण सभाले अनुमोदन गर्नु पर्नेछ।~~ | सहसचिव निर्वाचित नै हुने भएकाले । |
| ६.२ | १३.८ | कार्य समितिको बैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय किताबमा लेखी राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नु पर्नेछ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ । | ~~कार्य समितिको बैठकमा भएको निर्णयहरु निर्णय किताबमा लेखी अध्यक्ष र महासचिवले दस्तखत गरि प्रमाणित गर्नेछन्। निर्णयमा असहमत हुनेले कैफियत खोली दस्तखत गर्न सक्नेछन्।~~ | बैठक प्रकृया र निर्णय अभिलेख व्यवस्थापन गर्न सहजीकरणको आवश्यकता परेकोले। |
| | १३.९ र १३.१० | १३.९ संस्थाले गर्ने भनिएको सम्पूर्ण काम कारवाही कार्य समितिको निर्णयबाट हुनेछ।<br>१३.१० माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिने छ | १३.९ र १३.१० दुवै हटाउने। | दोहोरिएको र सान्दर्भिक नभएको। |

| | | | | |
|---|---|---|---|---|
| | | । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिने छ । | | |
| ८ | १८ | १) कुल सदस्य संख्याको दुई तिहाइ साधारण सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कारवाही हुने छैन<br>१) तर विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१% उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।<br>२)सम्पूर्ण सदस्य संख्याको ५१ % सदस्यहरु उपस्थित नभई साधारण सभाको बैठक बस्न सक्ने छैन । तर यसरी बोलाइएको गणपूरक संख्या नपुगी पुनः बोलाइएको दोश्रो बैठकमा ५१% सदस्यहरू उपस्थित नभएमा पनि साधारण सभाको बैठक बस्न सक्नेछ । | सम्पूर्ण सदस्य संख्याको [illegible] सदस्यहरु उपस्थित नभई साधारण सभाको बैठक बस्न सक्ने छैन। गणपुरक संख्या नपुगी पुनः बोलाएको दोश्रो बैठकमा २५% भन्दा बढी सदस्यहरु उपस्थित भएमा पनि साधारण सभाको बैठक बस्न सक्नेछ। विधानको दफा ६.ग अनुसार निष्क्रिय सदश्यताको सूचीमा रहेका संख्यालाई साधारण सभाको गणपूरक सङ्ख्यामा समावेश गरिने छैन। | साधारण सभाको गणपुरक संङ्ख्यालाई व्यवहारिक बनाउन आवश्यक भएकोले। |
| ९ | २५.४.२ | साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पदका व्यक्तिहरु पद मुक्त हुनेछन् । | ~~साधारण सभाको कुल सदस्य संख्याको बहुमत सदस्य अविश्वासको प्रस्तावको पक्षमा भएमा प्रस्ताव पारित हुनेछ र सो पद वा पदहरुका व्यक्ति वा व्यक्तिहरु पदमुक्त हुनेछन्।~~ | नियमलाई तर्कसंगत र व्यवहारिक बनाउन आवश्यक भएकोले। |
| १० | २६ | विधान संशोधनः- साधारण सभाबाट कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ । | ~~विधान संशोधनः- साधारण सभाबाट उपस्थित संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको विधानको कुनै दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरि पठाउनु पर्नेछ। स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको विधानको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ।~~ | नियमलाई तर्कसंगत र व्यवहारमूलक बनाउन आवश्यक भएको। |
| ११ | अनुसूची २ | स्थायी ठेगाना (घरको) :<br>गाउँ : जिल्ला :<br>उपरोक्त बमोजिमको व्यक्तिगत विवरण भएको म ......................... नेपाल कृषि प्रसार समितिको नियमानुसार साधारण। सहभागी सदस्यता प्राप्त गर्न निवेदन | ~~स्थायी ठेगानाः<br>पालीका : वडा नं.:<br>उपरोक्त बमोजिमको विवरण भएको म ....................... नेपाल कृषि प्रसार समितिको नियमानुसार साधारण। आजीवन सदस्यता प्राप्त गर्न~~ | नयाँ व्यवस्था अनुसार मिलान आवश्यकता। |

| | | | | |
|---|---|---|---|---|
| | | गर्दछु । यस समितिको विधान अनुसार समितिको हित हुने कार्यमा लाग्ने प्रण गर्दछु।<br>निवेदक:<br>मितिः | निवेदन गर्दछु । यस समितिको विधान अनुसार समितिको हित हुने कार्यमा लाग्ने प्रण गर्दछु ।<br>निवेदक:<br>दस्तखतः<br>मोबाइल नं.<br>ईमेलः<br>मितिः | आजीवन सदस्यहरुको लागि पनि यसैमा समावेश गरेर सरलीकृत गरेको।<br>निवेदनमा मोबाइल र ईमेल पनि राख्दा अभिलेख र सम्पर्क सहज हुने। |
| १२ | अनुसूची ५ | अनुसूची ५<br>चुनाव अधिकारीको सही : | अनुसूची ६<br>निर्वाचन अधिकारीको सही | अनुसुचिको क्रमाङ्क मीलान गरेको विधानमा निर्वाचन शब्द उल्लेख भएकोले।<br>संशोधनं उपयुक्त भएको। |
| १३ | अनुसूची ६ | नेपाल कृषि प्रसार समितिको आजीवन सदस्य बन्ने फाराम | हटाउने | अनुसूची २ मा नै समेटिने भएकोले। |
| १४ | अनुसूची ७ | नेपाल कृषि प्रसार समिति<br>कार्य समिती पदाधिकारीद्वारा गरिने शपथ ग्रहण पत्र | हटाउने | भूलवश यो अनुसूची अनुसूची ५ सँग दोहोरिएको। |
| १५ | अनुसूची ८ | प्रस्तुत सन्दर्भमा, नेपाल कृषि प्रसार समितिका कार्यकारिणी पदाधिकारीहरुको लागि मिति................गते भएको निर्वाचनमा तपाई अध्यक्ष पदमा......................निर्वाचित हुनु भएकोमा हार्दिक वधाई र सफलताको कामना सहित यो प्रमाण पत्र प्रदान गरीएको छ ।<br>दिनाङ्क :-<br>चुनाव अधिकारी | अनुसूची ५<br>प्रस्तुत सन्दर्भमा, नेपाल कृषि प्रसार समितिका कार्यकारिणी पदाधिकारीहरुको लागि<br>मिति................गते भएको<br>निर्वाचनमा तपाई...................... पदमा निर्वाचित हुनु भएकोमा हार्दिक वधाई र सफलताको कामना सहित<br>यो प्रमाण पत्र प्रदान गरीएको छ ।<br>मितिः<br>निर्वाचन अधिकारी | अनुसूची ६ र अनुसूची ७ हटाएपछि बाँकी अनुसूचीको क्रमाङ्क, शुद्धाशुद्धी मिलान गरेको। |
| १६ | विधानको सम्पूर्ण लेखोट (Text) | भाषागत शुद्धाशुद्धी | विधानको अर्थ, आशयमा फरक नपर्ने गरी लेखोट (Text)मा ह्रस्व दीर्घ पूर्ण विरामादी मिलाई आकर्षक फर्मेटमा राख्ने। | विधानलाई भाषागत शुद्धाशुद्धी गरेर राम्रो फर्मेटमा राख्न आवश्यक भएकोले। |